# ८ येशू, दाता र सहारा

*यस अध्यायको निम्ति पढ्नुहोस्:* हिब्रू १:३, कलस्सी १:१६,१७, अय्यूब ४२, मत्ती ५:४५, मत्ती ६:२५-३५, मत्ती १०:२८।

*स्मरण गर्नुपर्ने पद:* **"तिम्रो सबै आवश्यकताहरू मेरो परमेश्वरले जुटाउनुहुनेछ। उहाँको अचम्म र अपार धनराशीबाट तिमीलाई चाहिने थोकहरू आपूर्ति गर्नुहुनेछ, किनकि तिमीहरू ख्रीष्ट येशूको मातहतमा छौ।" (फिलिप्पी ४:१९ रूपान्तरित)।**

**यस सारा जगतमा परमेश्वरको अनुमतिविनाकेहि पनि हुँदैन।** जे जति सृष्टि भएका छन् ती सबै उहाँले नै सृष्टि गर्नुभएको हो। "यावत थोकहरू उहाँद्वारा नै सृष्टि गर्नुभएको हो। उहाँविनाकुनै पनि अस्तित्वमा आएनन्" (यूहन्ना १:३ रूपान्तरित)। यस जगतलाई सुचारूरूपमा चलाइ राख्ने जिम्मा पनि परमेश्वरले नै लिनुभएको छ। अझ अति अचम्म र रहस्यमय कुरो त यो छ, जुन परमेश्वरले यस सारा जगतलाई सृष्टि गर्नुभयो, त्यहि परमेश्वर मानवको चोला लिएर उसको सर्वोच्च हितको निम्ति क्रुसमा मर्नुभयो।

"पवित्र आत्माबाट प्रेरणा पाएर प्रेरित पावलले येशूको बारेमा यसरी सम्बोधन गर्दछन्, 'सबै थोकहरू उहाँले नै सृष्टि गर्नुभएको हो। स्वर्ग र पृथ्वीमा भएका प्रत्येक कुराहरू उहाँले नै सृष्टि गर्नुभएको हो।..... कुनै पनि थोक सृष्टि गर्नुभन्दा पहिले उहाँको अस्तित्व सदासर्वदा थियो। सबै थोक उहाँकै हातले सम्हालिराख्नु भएको छ।'कलस्सी १:१६,१७ (रूपान्तरित)।' अर्को अर्थमा भन्ने हो भने परमेश्वरकै हातले सारा संसारहरू आकाशमा थम्याइराख्नुभएको छ। परमेश्वरको सारा जगतमा प्रत्येक थोक आआफ्नै स्थानमा उहाँले सञ्चय गरिराख्नुभएकोछ। फेरि जुन हातले यस जगतलाई जतनसाथ राख्नुभएको छ त्यहि हातलाई हाम्रो निम्ति क्रुसमा किला थोकिएको थियो।" एलेन जी ह्वाइट, एडुकेशन, पृ. १३२।

## १. संरक्षक (हिब्रू १:३)

यस जगतलाई सुचारूरूपमा चलाइ राख्न येशूको के भुमिका छ भनेर देहायका पदहरूले हामीलाई कसरी बताउँदछन्, हेर्नुहोस्ः हिब्रू १:३ " पुत्रले परमेश्वरको महिमालाई प्रतिबिम्ब गर्नुहुन्छ। उहाँ परमेश्वरको स्वभावको पूर्ण प्रतिरूप हुनुहुन्छ। उहाँले हरेक कुरालाई आफ्नो शक्तिशाली आदेशको अधीनमा राख्नुहुन्छ। उहाँले मानिसहरूलाई उनीहरूको पापहरूदेखि शुद्ध तुल्याउनु भयो र स्वर्गमा परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो।", कलस्सी १:१६,१७ "उहाँकै शक्तिद्वारा सारा थोक सिर्जिएको छ स्वर्ग र पृथ्वीका कुराहरू, दृश्य र अदृश्य कुराहरू, सिंहासन अथवा शक्तिहरू, शासकहरू अथवा अधिकारहरू, यी सब कुराहरू ख्रीष्टद्वारा अनि ख्रीष्टकै निम्ति बनाइएका हुन्। 17 सबै चीजहरू बनिनु अघि पनि ख्रीष्ट हुनुहुन्थ्यो। अनि उहाँले प्रत्येक चीज चालु रहन एक साथ राख्नुभएको छ ।" (रूपान्तरित)।

प्रभु येशू ख्रीष्ट २००० वर्ष आयु भएको नभएर अनन्तको हुनुभएको हुनुहुन्छ र यस सारा जगतलाई सुचारूरूपमा चलाइ राख्न उहाँले नै एकत्रित पारिरहनुभएको छ र उहाँको परमशक्तिले थामी राखीरहनुभएको छ। यस जगत एक आपसमा अलग छैन। त्यसमा भएका निरन्तर जीवन परमेश्वरकै इच्छामा चलिरहेको हुन्छ। साधारण आस्तिक वा डेइजम भन्ने सिद्धान्तसँग त्यो कुरा मिल्दैन। परमेश्वरले संसारलाई सृष्टि गर्नुभयो र अनि त्यो संसार परमेश्वरको क्रियाकलापविनाआफै चलिराख्न उहाँले छोडेर जानुभयो भन्ने साधारण आस्तिक वा डेइजमको तर्क छ। त्यस तर्क भएको मानिसले परमेश्वरलाई विश्वास त गर्छ तर आफ्नै जीवनमा उहाँको कुनै सरोकार छैन भनेर दाबी गर्दछ। यस्तो खालको भ्रान्तीपूर्ण तर्कलाई बाइबलले समर्थन गर्दैन।

न त सृष्टि आफैमा परमेश्वर हुनुहुन्छ। सृष्टि गरिएको हरेक वस्तु जस्तै रूख, जन्तु जनावर, किरा फट्याग्रा आदिमा परमेश्वर छ भन्ने पान्थेइजम वा सर्वेश्वरबादलाई पनि बाइबलले स्वीकार गर्दैन। कतिपय दर्शन वा धर्मदर्शनहरूमा त्यस वादलाई मानेको पाइएको छ। त्यसले जीवनको चक्र एकबाट अर्कोमा सर्दै सृष्टिको काम निरन्तररूपमा चलिरहेको हुन्छ भनेर विश्वास गर्दछ। यस जगत परमेश्वरकै शरीर हो, त्यसकारण उहाँ र सृष्टि पर्यायिक अर्थात् समान हुन्, सृष्टिद्वारा उहाँ चल्नुहुन्छ भन्ने सर्वेश्वरवादीको शिक्षा खतरापूर्ण छ। परमेश्वर यस

जगतमा भरपर्नुहुन्न। उहाँ यस जगतभन्दा अपार हुनुहुन्छ। उहाँ रहनुभएको थियो र निरन्तररूपमा रहनुहुन्छ, उहाँको अस्तित्वसँग यस जगतको सरोकार छैन किनकि उहाँ आफूले सृष्टि गर्नुभएको सृष्टिबाट स्वतन्त्र हुनुहुन्छ। तर यस जगत वा सृष्टि परमेश्वरमा भरपर्छ, परमेश्वर यस जगत वा सृष्टिमा भरपर्नुहुन्न।

त्यहि सन्दर्भमा पावलले येशूसँग हाम्रो सम्बन्ध के छ भनेर देहायका पदहरूले बताएको हेर्नुहोस्ः १ कोरन्थी ८ः६ " तर हाम्रा निम्ति त एउटै परमेश्वर हुनुहुन्छ। उहाँ हाम्रा पिता हुनु हुन्छ। अनि उहाँबाटनै प्रत्येक चीज आयो र हामी उहाँका निम्ति छौं। अनि प्रभु पनि एउटै हुनु हुन्छ। उहाँ येशू ख्रीष्ट हुनु हुन्छ। येशूको तर्फबाटै प्रत्येक कुरा हुनआए अनि हामीमा जीवन उहाँबाटै छ।" र प्रेरित १७ः२८ " 'हामी उहाँसंगै बाँच्छौं। हामी उहाँसंगै हिंड्छौं। हामी उहाँसंगै छौं।'जस्तो तपाईंहरूका कविहरूले पनि भनेका छन् 'हामी उहाँका बालकहरू मात्र हौं'।" (रूपान्तरित)।

प्रत्येक क्षण र प्रत्येक दिन हामीहरू चलिरहन परमेश्वरको शक्तिमा भरपर्छौं। उहाँकै अपार प्रेमको कारण हामी निरन्तररूपमा बाँचीरहन्छौं। उहाँकै प्रेमले गर्दा हामी एक आपसमा सम्बन्ध राख्न र जीवित रहन सक्षम् हुन्छौं। जसले परमेश्वरप्रति समर्पित जीवन बिताउँछ त्यसले उपरोक्त धारणालाई आत्मसात् राखेर चलेको हुन्छ। सृष्टिको विषयबस्तुहरूसँग गाँसेर ती मानिसहरू ख्रीष्टमा छन् भनेर पावलले भन्दछन् (२ कोरन्थी ५ः१७, एफिसी २ः१०)। परमेश्वरले जुटाउनुभएको मुक्तिको योजनामा समावेश हुन नचाहेका मानिसहरू पनि उहाँको शक्तिमा तिनीहरू भर पर्नुपर्दछ। छब्बिस सय वर्ष अघि बेबिलोनका (आधुनिक इराक) परमेश्वरमाथि आस्था नराख्ने राजा बेल्टशजारलाई उपरोक्त तथ्यलाई स्पष्ट गरेर अगमवक्ता दानीयलले यसरी सम्बोधन गरेका थिए, "तपाईंको आफ्नै जीवन र तपाईंले गर्नुभएको सबैकामलाई आफ्नै मातहतमा राख्ने परमेश्वरमाथि तपाईंले श्रद्धा राख्नुभएन।" (दानीयल ५ः२३ रूपान्तरित)। त्यसको फलस्वरूप त्यस राजाले विदेशी शक्तिको सामु आफ्नो ज्यान गुमाउनु परेको थियो। त्यो वृतान्त दानीयल ५ अध्यायमा पाइन्छ।

माथि उल्लेख गरेका कुराहरूलाई मध्य नजर राखेर भाग्य होइन आत्मनिर्णय र विवेकको स्वतन्त्रतालाई रोज्ने कुरा यथार्थ हो भनेर

हामीले कसरी बुझ्ने? परमेश्वरमाथि विश्वास गर्न र आस्था राख्न हाम्रो आत्मनिर्णय र विवेकको स्वतन्त्रताले प्रमूख भाग किन खेल्दछ?

## २. उदार चित्तले दिनुहुने (उत्पत्ति २:८,९)

जब परमेश्वरले प्रथम् पटक मानिस र पशुलाई सृष्टि गर्नुभयो तब उहाँले तिनीहरूलाई आहारा उपलब्ध गराइदिनुभयो भनेर उत्पत्ति १:२९,३०ले बताउँदछन्। दुबै मानिस र पशुको निम्ति वनस्पति, फलफुल र बीऊहरू आहारा उहाँले दिनुभएको थियो। पशुलाई मारेर खाने न त पशुले पशुलाई मार्ने प्रक्रिया सृष्टिको सुरूमा भएको थिएन। सदाशयी र उदारवादी परमेश्वरले सबैको निम्ति प्रशस्त खाना उपलव्ध गराइदिनुभएको थियो। खानाको निम्ति कसैले कसैसँग संघर्ष गर्नुपरेको थिएन।

विकासवाद सिद्धान्तसँग उपरोक्त कुरा अत्यन्त अमिल्दो छ। खानाको लागि र बाँच्नको निम्ति मानिसहरू तँछाडमछाड गर्दै अरूलाई दबाएर जीउनुपर्छ भनेर विकासवाद सिद्धान्तले सिकाउँदछ। तर त्यस्तो खालको चलन र मनोवृत्ति उत्पत्तिको सुरूको पुस्तकमा उल्लेख गरिएको छैन। बरू स्वर्ग कस्तो थियो भनेर त्यसबेलाको संसारले देखाएको थियो। त्यसैकारण जब परमेश्वरले सारा सृष्टिको काम सम्पन्न गरिसक्नुभएपछि परमेश्वरले व्यक्त गर्नुभएको खुशीको कुरा बाइबलले यसरी उल्लेख गर्दछः "जब आफूले बनाएका सबै थोक परमेश्वरले हेर्नुभयो, उहाँले असाध्य असल देख्नुभयो। अनि बेलुका र बिहान भयो। त्यो छैठौं दिन थियो।" (उत्पत्ति १:३१ रूपान्तरित)।

**आदम र हब्बालाई सृष्टि गरिसक्नुभएपछि उनीहरूप्रति कस्तो विशेष चासो लिनुभयो भनेर उत्पत्ति २:८,९ले यसरी व्यक्त गर्दछः "परमप्रभु परमेश्वरले अदन नाउँ भएको ठाउँमा पूर्वपट्टि एउटा बगैंचा बनाउनु भयो र उहाँले सृष्टि गर्नु भएको मानिसलाई त्यहाँ राख्नु भयो। परमेश्वरले भूमिबाट राम्रा-राम्रा रुखहरु अनि खान योग्य फलहरु लाग्ने रूखहरु उमार्नु भयो। उहाँले बगैंचाको बीचमा जीवनको रूख अनि असल र खराबको ज्ञान दिन योग्य रूख पनि रोप्नु भयो।" (रूपान्तरित)।**

सारा जीवजन्तु र मानिसको निम्ति परमेश्वरले आहारा जुटाउनुभयो भनेर हामीले अघि हेर्‍यौं। अनि स्नेही र ममतामही परमेश्वर मानिसको निम्ति एक कदम अगाडि बढ्नुहुन्छ। आदम र हब्बाको निम्ति विशेष किसिमको मनोहर बँगैचा तयार गर्नुहुन्छ। त्यस बँगैचामम

अनेक किसिमका असल फलफुलहरू फल्ने सुन्दर रूखहरू थिए (उत्पत्ति २:९)। आहारा र सौन्दर्यताले भरिपूर भएको बँगैचाले परमेश्वरको महान् प्रेम र अनुग्रहको नमूनालाई प्रदर्शन गरेको थियो। त्यो परमेश्वरको अनुग्रहको वरदान थियो। त्यो पाउनको लागि आदम र हब्बाले केहि पनि काम गर्नु परेको थिएन। त्यो तिनीहरूलाई सित्तैंमा दिइएको थियो।

हो अघि भनेको जस्तो सुरूको सृष्टिकालबाट हामी धेरै टाढा छौं। वर्तमान अवस्थामा हाम्रो संसार क्षतविक्षत भएको छ। कुनै पनि कुरा यस सँसारमा सुरक्षित छैन। यद्यपि बिग्रिएको अवस्थामा पनि परमेश्वरको प्रेमको प्रमाण हामी अझै देखिनै रहेका हुन्छौं।

**"प्रकृति शक्तिशाली छ। तर प्रकृतिको परमेश्वरमा असिमित रूपमा शक्तिशाली हुनुहुन्छ। परमेश्वरको कामले उहाँको चरित्रलाई देखाउँदछ। उहाँको हातको कामद्वारा उहाँलाई देखेर मूल्याङ्कन गर्न चाहनेले उहाँको उपस्थितिको अनुभव जतासुकै भएको देख्ने छ।"- एलेन जी ह्वाइट, द साइन अभ टाइमस्, मार्च १३, १८८४मा प्रकाशित ""प्रकृतिमा हेर, सबै थोकमा उहाँको हातको कला भएको कसरी देखिन्छ?"बाट रूपान्तरित।**

## ३. दैवी प्रक्रोप अर्थात् प्रकृतिमा हुने विपत्ति (अय्यूब ४२)

सारा विश्वासी अर्थात् परमेश्वरमाथि विश्वास राख्नेहरूमाथि धेरै कुराहरूले अकमक्क पारिरहेका छन् भन्ने कुरामा कसैको दुईमत छैन। ती मध्य खराब र विपत्तिले किन बाहुल्यता पाइरहेका छन् त भन्ने प्रश्नले सबैलाई पिरोलेको हुन्छ। मानव जातमा हुने दुष्ट वा खराब चरित्रमात्र नभएर प्रकृतिमा हुने अनगिन्ति विपत्तिहरू पनि त्यस पिरमा पर्दछ। प्रकृतिमा हुने उपद्रव घट्नाहरूलाई हामी दैवी वा प्राकृतिक प्रक्रोप भनेर सम्बोधन गर्दछौं। बाढी पहिरो, तुफान तथा हुरीबतास, सुक्खा वा खडेरी, रोगव्याधी, भुकम्प, आगलागी जस्ता कुनै न कुनै अनगिन्ति प्राकृतिक प्रक्रोपको चक्करमा को परेको छैन होला? त्यसले कत्ति दुःख, पिडा र कष्ट केवल मानव जातिलाई मात्र होइन ल्याउँदैन तर जन्तुजनावरहरूलाई पनि त्यसको मारमा परेको हुन्छ।

यस संसारमा हुने ती प्राकृतिक प्रकोपहरूको बारेमा खडा भएको प्रश्नलाई हामीले कसरी बुझ्ने? सारा सृष्टिका मालिक परमेश्वर हुनुहुन्छ भनेर दाबी गर्दा गर्दै पनि ती घट्नाहरू किन हुन जान्छ?

बाइबलको धेरै पुराना किताबहरूमा अय्यूबको पुस्तक पनि एक हो। अय्यूबले  उपरोक्त प्रश्नहरूको यथार्थतता व्यक्तिगत रूपमै भोगेका थिए। यस पुस्तकको चौथौं अध्यायमा पनि त्यस बारे सम्बोधन गरेको छ।

**परमेश्वरले नै धर्मी ठहरिएका अत्यन्त धनी र जमिन्दारी अयुबले अनेकन् विपत्तिको सामाना गरेका थिए। चोरडाँका र अनेकन् प्राकृतिक प्रकोपहरूको कारणले गर्दा उनका आफ्नो श्रीमतीबाहेक सारा परिवार, पशु र बालीनाली नष्ट भएको थियो। अन्तमा उसले पनि छालाको रोगले ग्रष्ट भएर पिडा भोग्नु परेको थियो। उनका अभिन्न मित्रहरूले उनलाई भेट्न आउँदा कैयन दिनसम्म बोल्नै सकेको थिएन। आफ्नै श्रीमती पनि उनलाई परमेश्वरलाई श्राप र आत्महत्या गर भनेर हप्कि सुनाएकी थिइ। पछि आएर उनका मित्रहरू र उनीसँग उनले पाएको दुःखको बारेमा जुआरी नै चलेको थियो। अन्तमा परमेश्वरले उनलाई सम्बोधन गर्नुभयो र त्यसको प्रतिक्रिया अय्यूबले अयुब ४२ अध्यायमा यसरी व्यक्त गर्दछन, " तब अय्यूबले परमेश्वरलाई यसरी जवाफ दिएः "परमप्रभु, म जान्दछु तपाईंले सब कुराहरू गर्न सक्नु हुन्छ। तपाईंले योजनाहरू बनाउनु हुन्छ, अनि कसैले पनि परिवर्तन गर्न वा रोक्न सक्तैन। 3 परमप्रभु, तपाईंले यो प्रश्न सोध्नुभयोः 'को अज्ञानी मानिस हो जसले यस्ता अर्थहीन कुराहरू गऱ्यो?' परमप्रभु, मैले ती कुराहरूको बारे बोलें जुन मैले बुझिनँ। मैले ती कुराहरू भनें जुन मेरो लागि बुझ्नु अति अचम्मित थियो। 4 परमप्रभु, तपाईंले मलाई भन्नुभयो, 'सुन अय्यूब, म भन्ने छु। म तिमीलाई प्रश्नहरू सोध्ने छु अनि तिमीले मलाई जवाफ दिनेछौ।' 5 परमप्रभु, बितेका दिनहरूमा, मैले तपाईंको बारे सुनेको थिएँ तर अहिले तपाईंलाई मेरै आँखाले देखें। 6 अनि परमप्रभु, म स्वयं नै लज्जित भएँ। परमप्रभु, म अत्यन्त दुःखी छु। मैले जे गरें त्यसको पश्चातापका निम्ति मैले आफैलाई धूलो र खरानीले पुर्दैछु।" 7 अय्यूबसँग बात-चीत गरिसके पछि, परमेश्वर तेमानीबाट आएका एलीपजसँग बोल्नु भयो। परमेश्वरले एलीपजलाई भन्नुभयो, "म तिमी साथै तिम्रो दुइ साथीहरूसँग रिसाएको छु। किन? किनभने तिमीहरूले मेरो विषयमा सही कुरा गरेनौ। तर अय्यूब मेरो सेवक हो। अय्यूबले मेरो विषयमा ठीक कुरा गर्छ। 8 यसकारण अब तिमीहरूले, सातवटा गोरूहरू र सातवटा भेडाहरू ल्याऊ। ती सब मेरो सेवक अय्यूबलाई देऊ। तिनीहरूलाई मार तिमीहरूका निम्ति होमबलि अर्पण गर। मेरो सेवक अय्यूबले तिमीहरूका लागि**

**प्रार्थना गर्नेछ अनि त्यो प्रार्थनाको उत्तर म दिनेछु। त्यसपछि म तिमीहरूलाई दण्ड दिने छैन जसको लागि तिमीहरू योग्य थियौ। तिमीहरूले ठीक कुराहरू मेरो बारेमा बोलेनौ तर मेरो सेवक अय्यूबले मेरो बारेमा ठीक कुराहरू गरे।" (रूपान्तरित)। परमेश्वरले अय्यूबका पछिल्ला दिनहरूलाई आषिशले त भरिदिनुभयो र हाम्रो निम्ति केहि हदसम्म प्राकृतिक प्रकोपको बारेमा जवाफ त दिइएको छ, यद्यपि, धेरै यस्ता जिज्ञासाहरू छन् जुन हाम्रो निम्ति प्रष्ट भएको छैन।**

यथार्थमा भन्ने हो भने जो मानिसहरू **अय्यूबको** पुस्तक पढ्छन् तिनीहरूको सामु अझ बढि प्रश्नका पोकोहरू थुप्रिएको पाइन्छ। परमेश्वर र सैतानको बीचमा भइरहेको मतभेदको महान् संग्रामको महत्त्वपूर्ण सत्यतालाई अयुबको पुस्तकले सम्बोधन गरेको छैन। (प्रकाश १२ः१२मा उल्लेख गरेको पदले त्यस संग्रामको बारेमा केहि हदमा यसरी आभास दिन्छः " यसर्थ तिमी स्वर्गहरु अनि सबै जो त्यहाँ बस्छन्, आनन्द मनाओ। तर पृथ्वी अनि समुद्रको स्थिति भने नराम्रो हुनेछ किनभने सैतान तिनीहरुकहाँ गएको छ. अब त्यसलाई थाहा छ कि उसको समय अति कम्ती छ। त्यसकारण ऊ क्रोधित भएर आतङ्क मच्चाइरहेकोछ।" (रूपान्तरित)। खराब, अनिष्ट वा प्राकृतिक प्रकोप सम्भव छ भनेर अयुब र प्रकाशको पुस्तकले त बताउँछन्, तर परमेश्वर र सैतानको बीचमा भइरहेको संग्रामले प्रत्येक खराबको बारेमा व्याख्या गरेको पाउँदैनौं। जति गहिरो खराबको बारेमा अध्ययन गर्दै गयो त्यत्ति खराबप्रति सहानुभूति हुन जान्छ। अनि खराब पनि ठिकै छ भन्ने निष्कर्षमा हामीलाई पुऱ्याउन सक्छ। यो स्थितिमा हामी कहिले पनि पुग्नुहुन्न। परमेश्वर र सैतानको बीचमा भइरहेको महान् मतभेदको संग्रामले (परमेश्वरले जबरजस्ती मानिसहरूलाई उहाँमाथि श्रद्धा गर्न कर गर्नुहुन्छ भन्ने सैतानको दाबी र, होइन, प्रत्येक मानिसलाई आत्मनिर्णयको अधिकार दिइएको छ, त्यहि अनुसार परमेश्वरलाई प्रेम गरि उहाँमाथि श्रद्धा देखाउनुपर्छ भन्ने परमेश्वरको दाबी) सारा खराबको पर्दा पछाडि को छ भनेर त देखाउँछ, तर जे जे खराब कुराहरू हुन आउँछन् त्यसको बारेमा हामीलाई अलि अलिमात्र थाहा छ भनेर स्वीकार गर्नैपर्छ। प्रत्येक दुःखद घट्नाले अलिकतिमात्र दुष्टताको नमूना देखाउँछ।

तत्कालिन त्यस्तो आतङ्ककारी घट्ना किन भयो भन्ने कुरा **अय्यूबलाई** थाहा थिएन। अनि हामीहरूले पनि त्यस्तै खालका

दुर्घटनाहरूलाई सामना गर्नुपर्दा किनभयो भनेर हामी बुझ्छौं भन्ने छैन। परमेश्वरले अयुबलाई त बोल्नुभयो तर अयुबका धेरै जिज्ञासाहरूलाई परमेश्वरले जवाफ दिनुभएन। अयुबलाई त्यस्तो विपत्ति किनभयो भनेर परमेश्वरले बुझाउनुभएन। कतिपय कुराहरू अय्यूबले बुझ्न सक्दैन तर परमेश्वरमाथि भरोसा राखेरै आफ्न जीवन अगाडि बढाउनुपर्छ भनेर उहाँले उनलाई सम्झाउनुभएको थियो। त्यहि अनुसार अय्यूब हिँड्न सफल पनि भएको थियो। प्रायजसो हाम्रो अनुभव पनि त्यस्तै भइरहेको पाउँछौं। हामीले सोधेका प्रश्नहरूको जवाफ पाउनैपर्छ भन्ने छैन। तर खराबको चरित्र कस्तो रहेछ भनेर अय्यूबको पुस्तकले राम्रोसँग उदाङ्ग पार्दछ। कस्तो खालको संघर्ष हामीले सामना गरिरहेकाछौं भन्ने कुराप्रति परमेश्वर संवेदनशील हुनुहुन्छ भनेर अय्यूबको पुस्तकले देखाउँदछ।

**यस अध्यायको भूमिकामा उल्लेख गरेको एलेन जी ह्वाइटको अभिव्यक्तलाई फेरि हेर्नुहोस्। सैतानको दुष्टचरित्रले गर्दा परमेश्वर आफै पनि अत्यन्त दुःख पाउनुभएको थियो भन्ने कुरालाई सम्झिन्दा खराब तथा दुष्टता कतिसम्म नराम्रो रहेछ भनेर केहि हदसम्म हामी कसरी बुझ्न सक्छौं?**

## ४. क्षतिग्रस्त भएको सृष्टिमा शासन गर्नु (मत्ती ५:४५)

**यस संसारमा भएका जीवजीवात आदिहरू क्षतिग्रस्त भएतापनि परमेश्वरले तिनीहरूमाथि निगरानी राख्नुहुन्छ। आफूले सृष्टि गर्नुभएको संसारप्रति उहाँको चासोले निरन्तरता पाइरहेको हुन्छ भनेर देहायका केवल दुई अंशहरूले देखाएको तथ्यलाई सोच्नुहोसः मत्ती ५:४५ " यदि तिमीले यसो गऱ्यो (येशूको निति पालन) भने तिमी स्वर्गको पिताका साँचो छोराहरू कहलाउन सक्नेछौ। किनभने उहाँले दुष्ट र सज्जन दुवैका निम्ति घाम झुल्काइदिनुहुन्छ।" भजन ६५: ९,१०, "तपाईंले धर्तीको खुब ख्याल गर्नुहुन्छ तपाईं यसलाई पानीले सिंचाई गर्नु हुन्छ र यसले थोकहरू उमार्दछन्। परमेश्वर तपाईंले खोला-नालाहरू पानीले भर्नुभयो अनि त्यहाँको पानीले उब्जनी गराउँछ। 10 तपाईंले खेतहरू रोप्नलाई पानी बर्साउनु भयो, तपाईंले खेतहरू पानीले चिसो पार्नुभयो अनि ताजा बिऊबिरूवा उमार्नु भयो।" (रूपान्तरित)।**

घामपानिको बारेमा हामी सबैलाई थाहा छ। ती दुवै उर्जाहरू कसरी चल्छ भनेर वैज्ञानिकहरूले अनगिन्तियौं पाठ हामीलाई सिकाइरहेकाछन्। तर वैज्ञानिकहरूले सिकाएको भन्दा अर्को एउटा

कुरो छ। ती सबै घामपानीको पर्दाको पछाडि परमेश्वर हुनुहुन्छ जसले आफ्नो सृष्टिलाई हेरचाह गरिरहन व्यस्त हुनुहुन्छ। उहाँको कतिपय मार्गहरू हामीलाई थाहा नहोला, तर हामीलाई थाहा छ सारा संसार उहाँको नियन्त्रणमा छ। कुनै दक्ष संगितकारले मनमोहक तरिकाले बाजा बजाउँछ। उसले खेलेको बाजाको स्वर यति रमाइलो मानेर मानिसहरूले सुन्छन कि तिनीहरू संगितकारलाई भन्दा संगितप्रति आकर्षितभएर बाजालाई हेरिरहेको हुन्छ। त्यसरी नै यस संसारमा भएका अनेकन मनमोहक दृष्यहरू हेर्दछौं, परमेश्वरको योजनाहरूप्रति प्रभावित हुन्छौं र परमेश्वरलाई भन्दा तिनीहरूमाथि हाम्रो चासो बढि देखाउँछौं। जसले उहाँलाई प्रेम गर्छ, उहाँमाथि श्रद्धा राख्दछ तिनीहरूकै असल हितको निम्ति सबै थोकहरू परिचालित भइरहेको हुन्छ भन्ने रहस्य हामीलाई तत्कालै थाहा हुन्छ भन्ने छैन (रोमी ८:२८)।

**त्यहि सन्दर्भमा केहि घटनाहरू प्रत्यक्ष्य रूपमा घटेको देहायका केहि पदहरूमा हेर्नुहोस्ः उत्पत्ति ८:१, प्रस्थान १०:१३ र गन्ती ११:३१।**

हावा चल्नु साधारण घटना हो। हावा कसरी चल्छ भन्ने कुरामा पनि केहि हदमा हामीलाई थाहा छ। तर उपरोक्त पदहरूमा उल्लेख गरेका चलेको हावा अरूभन्दा फरक छन्। त्यसलाई “परमेश्वरले पठाउनुभएको हावा" भनेपनि हुन्छ। कुनै निश्चित समयमा निश्चित काम हुन तिनीहरूलाई परिचालन गरिएको थियो। झट्ट हेर्दा स्वभाविकै भएतापनि, परमेश्वरको आफ्नै इच्छाअनुसारको लक्ष्य पूरा गर्न ती परिचालित भएका थिए। आफ्नो लक्ष्य पूरा गर्न परमेश्वरले यस सृष्टिकै औजारहरू प्रयोग गर्नुहुन्छ।

सारा बाइबलमा घटेका आश्चर्य घट्नाहरूमा एउटा असाधारण घट्ना भएको २ राजा २०:९-११मा हामी पढ्छौं। ती पदहरूमा सूर्य कसरी दस कदम अगि सऱ्यो भनेर उल्लेख गरिएको छ। संसारको मानव इतिहासमा घाम, पृथ्वी र दिनको लम्वाईमा हुने पारस्परिक सम्बन्ध कहिले पनि बदलिएको पाइएको छैन। जुन रूपमा घाम अड्किरहेको छ त्यस अनुसार अलिकति पनि फेरियो भने आज वैज्ञानिक जगतमा कस्तो हलचल हुने होला, कल्पनानै गर्न सकिन्दैन। तर “परमेश्वरको निम्ति के कुनै कुरो असम्भव छ त?" (उत्पत्ति १८:१४ रूपान्तरित) भन्ने कुरो सोधिरहनुपर्दछ। संसारमा र हाम्रै जीवनमा पनि

जे जे अचम्मका घट्नाहरू हुन्छन तिनीहरू परमेश्वरका क्रियाकलापहरू हुन् जुन् हामीले बुझ्न सक्दैनौं। त्यसैकारण परमेश्वरको आत्मज्ञान र प्रेमलाई व्यक्तिगत रूपमै अनुभव गर्न जरूरी छ भनेर थाहा पाउनु पर्दछ। त्यसले गर्दा कतिपय कुराहरू हामीले बुझ्न नसकेतापनि उहाँमाथि भरोसा राख्न सिक्दछौं।

## ५. क्षतिग्रस्त हुन गएको सृष्टि भएतापनि सदाशयी परमेश्वरको वरदान (मत्ती ६:२६)

आदम र हब्बाले पाप गरेपछि अदनको बँगैचाबाट तिनीहरूलाई निकालिएका थिए। तर तिनीहरूको भौतिक आवश्यकतालाई परमेश्वरले ध्यान दिनुभएको थियो (उत्पत्ति ३:२१)। पापले तिनीहरूलाई नयाँ आवश्यकता ल्याइदियो। तिनीहरूलाई लुगाको आवश्यकता भयो। तिनीहरूले अञ्जिरको पात उनेर आफ्ना शरीरहरूलाई छोपे तर त्यो संतोषजनक थिएन। रूखका पात भन्दा कुनै असल लुगा तिनीहरूलाई चाहिएको थियो। त्यसकारण परमेश्वर आफैले अङ्गहरू छोप्न छालाका तिनीहरूलाई दिनुभयो। (छालाको अर्थ के हो भनेर हामीले अर्कै पाठमा पढ्नेछौं)। पापमा फसेतापनि आदम र हब्बाको आवश्यकताप्रति परमेश्वर संवेदनशील हुनुभएको थियो भनेर उहाको उपरोक्त कार्यले देखाउँछ। हामी अयोग्य भएतापनि परमेश्वरको अनुग्रह पाउने अवसर हामीलाई दिइएकोछ भन्ने अर्को उदाहरण त्यसले देखाउँछ।

मत्ती ६:२५-३४मा हामीलाई अत्यन्त जरूरी सन्देश येशूले दिनुभएको छ। धेरै मानिसहरूक जीवनमा पीरले अड्डा जमाएको सन्दर्भमा उहाँको त्यस सन्देशलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस् ती पदहरूमा येशूले दिनुभएको आश्वासनः "यसैले म तिमीहरूलाई भन्दछु, बाँच्नलाई के खानु पर्ने भन्ने विषयमा तिमीहरू चिन्तित हुनु हुँदैन। तिमीलाई शरीरको निम्ति चाहिने वस्त्रका विषयमा फिक्री नगर। खानेकुरा भन्दा जीवन धेरै मूल्यवान छ। अनि लुगाफाटा भन्दा शरीर धेरै मूल्यवान छ। 26 आकाशका चरा चुरुङ्गीलाई हेर, तिनीहरूले नता कहिले बीऊनै छर्छन्, न अन्नको फसल काट्छन् न भकारीहरूमा बटुल्छन्। तर तिनीहरू का स्वर्गका पिताले तिनीहरूलाई खुवाउनु हुन्छ। तर तिमीहरूलाई थाहाँ छ ती चराचरुङ्गीहरू भन्दा तिमीहरू बहुमूल्य छौ। 27 फिक्री मात्र गरेर कसैले आफ्नो आयुमा अलिकति समय पनि बढाउन सक्दैन। 28 "अनि लुगाफाटाको निम्ति तिमीहरू

किन फिक्री गर्छौ? बँगैचाको फूलहरूको विचार गर, ती कसरी बढदछन्। तिनीहरू न ता आफ्नो लागि परिश्रम गर्दछन्, न ता वस्त्रका निम्ति धागो कात्दछन्। 29 तर पनि म तिमीहरूलाई भन्दछु, महान अनि धनी राजा सुलेमान समेतले यी फूलहरू मध्ये एउटा जत्ति पनि सिंगारिएका थिएनन्। 30 यस प्रकार परमेश्वरले जमीनमा झारपात उमारेर सजाउँनु हुन्छ। ती आज देखिन्छ भोलि आगोमा फ्याँकिनेछ र जलाइनेछन्। यसकारण परमेश्वरले नै तिमीहरूलाई अझ राम्ररी लुगाफाटा पहिराइदिनु हुनेछैन र? हे अल्पविश्वासी हो! 31 यसर्थ फिक्री गर्दै यसो नभन, 'हामी के खाऔंला? वा हामी 'के लगाउँला? 32 परमेश्वरमा विश्वास नगर्नेहरूले मात्रै यी कुराहरू पाउने इच्छा गर्दछन्। यसकारण फिक्री नगर, किनभने स्वर्गमा बस्नुहुने पिताले तिमीहरूलाई यी सबै थोकको आवश्यक छ भनी जान्नुहुन्छ। 33 तिमीहरू अरू थोकभन्दा परमेश्वरको राज्य र उहाँको धार्मिकताको पहिला खोजी गर। अनि उहाँले तिमीहरूलाई तिमीहरूले चाहेका ती जम्मै कुराहरू दिनुहुनेछ, 34 तिमीहरूले भोलिको निम्ति त्यत्ति फिक्री गर्नु पर्ने आवश्यक छैन, प्रत्येक दिनमा आउने समस्याको सामना गर। भोलिको दिनको समस्या भोलीले नै सामना गर्नेछ।" (रूपान्तरित)।

येशूले दिनुभएको ती वचनहरू अत्यन्तै आनन्दप्रद छन्। हामीहरूको हृदय, आत्मा र दिमागले तिनीहरूलाई आत्मसात् गरिराख्नुपर्छ। विषेश गरेर दुःख, कष्ट, पिडा, अभाव र वियोगमा येशूका ती वचनहरू हृदयङ्गम गरिराख्नुपर्छ। येशू कुनै जन्तुजनावर, चराचुरुङ्गी र फूलहरूको निम्ति मर्नुभएको होइन। जे भएतापनि उहाँको प्रेममा हामी भर पर्न सक्छौं। हामी सबैलाई थाहा छ कि हामी कतिपय यस्ता घट्नाको मुखमा पर्छौं जसले हामीलाई अत्यन्त आघातमा पार्दछ। भूखमरी, बाढीपहिरो, रोगव्याधी र मृत्युहरू हाम्रा वरिपरि छरिरहेकाछन्। तितो सत्य त यो हो कि हामीले येशूका भक्त हौं भनेर दाबी गरेतापनि ती संङ्कष्टबाट हामी जोगिएका हुँदैनौं। तर परमेश्वर र सैतानको बीचमा भइरहेको महान् अन्तर्द्वन्धको संग्राम काल्पनित नभएर साँच्चिकै हो भन्ने कुरालाई हामी बिर्सनुहुन्न। प्रभु येशूलाई विश्वास गरेतापनि हामी पापमा फसेको संसारमै छौं भन्ने कुरालाई हामी अश्विकार गर्न सक्दैनौं।

**माथि व्यक्त गरेका वचनहरूको साथमा मत्ती १०:२८-३१ पढ्यौं भने जतिसुकै कठिन समयमा हामी गुज्रनुपरेतापनि हामीलाई शान्ति**

मिल्नेछ। ती पदहरूमा यसरी लेखिएको छः "मानिसहरूदेखि तिमीहरू नडराऊ। तिनीहरूले तिम्रो शरीरलाई मात्र मार्न सक्छ। तिनीहरूले तिमीहरूको आत्मालाई मार्न सक्दैन। तिमीहरू त्यससंग डराउनु पर्छ जसले तिम्रो शरीर र आत्मालाई नै नरकमा लैजान्छ। त्यसले तिम्रो शरीर र आत्मालाई नरकमा पठाउन सक्छ। **29** "दुइवटा चराको दाम चार रूपैयाँमा बेचिएला। तर तिम्रा पिताको इच्छविनाएउटै चरापनि मर्ने छैन। **30** तिम्रा टाउँकोमा कतिवटा केशहरू छन् उहाँले ती समेत जान्नुहुन्छ। **31** यसकारण भयभित नहोऊ। तिमीहरू ती चराहरूभन्दा धेरै उत्कृष्ट अर्थात् मूल्यवान छौ।"(रूपान्तरित)।

## उपसंहारः

<u>थप जानकारीः</u> "**परमेश्वरले** के गर्नुभयो र के गर्न सक्नुहुन्छ भन्ने परमेश्वरको आत्मज्ञान हामीलाई थाहा छ भनेर वैज्ञानिकहरूले दाबी गर्लान्। आफ्नै नितिमा परमेश्वर सिमित हुनुहुन्छ भनेर प्रायजसो वुज्रुक भनाउँदाहरूले विश्वास गर्छन्। उहाँ साच्चिक्कै परमप्रभु सनातनका परमेश्वर हुनुहुन्छ भनेर कतिपय बुद्धिजीवि भनाउँदाहरूले विश्वास गर्न नचाहिएको होला। यस संसारमा भएको सबै थोकहरूलाई वाख्या गर्न सक्छौं भनेर ती मानिसहरूले भन्लान्। मानिसको हृदयमा परमेश्वरको आत्माले कसरी काम गर्छन् भन्ने कुराको ज्ञान तिनीहरूमा छ भनेर तिनीहरूले दाबी पनि गर्लान्। परमेश्वरलाई तिनीहरूको तहमा ल्याउँदा उहाँको श्रद्धेय नाउँ र शक्तिमा आदर गर्नु नपर्ने अवस्थामा तिनीहरू पुग्छन्। परमेश्वरको अस्तित्व, उहाँका विधिहरू र उहाँको असिमित शक्तिले मानिसको हृदयमा कसरी काम गर्दछन् जस्ता जल्दोबल्दो विषयवस्तुलाई तिनीहरूले विश्वास गर्न चाहँदैनन्। जुन विधिले भौतिक संसारमा काम गर्दछन् त्यसलाई प्रकृतिको विधि भनेर तिनीहरूले सम्बोधन गर्दछन्। तर तिनीहरूकै ज्ञान सिमित छ र परमेश्वरको आफ्नै विधिलाई कार्यान्वन गर्न उहाँको क्षेत्र कति अपार छ भन्ने कुरो तिनीहरूलाई थाहा छैन। ती कुराहरू बुझ्न मानिसको ज्ञान अति सिमित छ!"–एलेन जी ह्वाइट, *पाट्रियार्कस एण्ड प्रोफेटस्*, पृ. ११४बाट रूपान्तरित।

(एलेन जी ह्वाइटद्वार लिखित *टेस्टिमोनिज फर द चर्च*, ठेली ८को पृ. २५९-२६१मा लेखिएको अंश "लज अभ नेचर" पढे उपयोगी हुनेछ)।

**चिन्तनमननः**

अ. **माथिको वक्तव्यमा** एलेन जी ह्वाइटले के भन्न खोजिरहनुभएको छ? उनले नै भनेको अनुसार नै आजका वैज्ञानिक तथा ज्ञानी भनाउँदाहरू कसरी चलिरहेकाछन्?

आ. हो, कतिपय कुराहरू किन भयो र किन भएन भनेर व्याख्या गर्न प्राचिनका भन्दा बर्तमान विज्ञानले सक्षम् भएको पाइन्छ। तिनीहरूले वाख्या गरेका प्रकृतिका विधि भन्न तर्क गलत भन्न खोजेको होइन तर परमेश्वरको सहयोग विनाप्रकृति कसरी चल्छ भन्ने प्रश्न उहाँमाथि विश्वास गर्नेहरूले उठाइरहेको हुन्छन्। प्रकृति परमेश्वरविनाचल्छ भन्ने तर्क किन गलत छ? के त्यस्तो तर्क गर्नु मनासिव छ त? (ती विधिहरू कहाँबाट आए त आफै सोच्नुहोस्)। त्यस्तो तर्क बाइबलको आधारभूत शिक्षाको विपरित किन छ?

इ. सृष्टिलाई मशिन जस्तो मान्नुभन्दा संगित बाजासँग तुलना गर्दा सृष्टिसंग परमेश्वरको सम्बन्धलाई केहि हदमा बुझाउन सक्छ, किन होला?

ई. बाइबलमा कतिपय प्राकृतिक घट्नाहरू, प्रकृतिको शक्ति भनेर सम्बोधन गरेतापनि तिनीहरू परमेश्वरले परिचालन गर्नुभएको थियो भनेर देखाइएको छ। केहि उदाहरणहरू तपाईंलाई थाहा छ? उदाहरणमा १ राजा १९:११,१२।